# नागरिक लगानी कोषको कार्यकारी निर्देशकको
# छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि,२०८०

नागरिक लगानी कोषको कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि नेपाल सरकार, अर्थ मन्त्री स्तरको मिति २०८०।०६।०४ निर्णायानुसार गठित समितिले अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

**१. दरखास्त आह्वानः**

नागरिक लगानी कोषको कार्यकारी निर्देशक पदमा पदपूर्तिका लागि २१ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुईपटक सूचना प्रकाशित गरिनेछ।

**२. योग्यता तथा अनुभवः**

(क) नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी, नागरिक लगानी कोष वा नेपाल सरकारको सार्वजनिक संस्थानको अधिकृत प्रथम श्रेणी वा दशौं तह वा संगठित संस्थाको कार्यकारी तहको पदको कार्याअनुभव भई नागरिक लगानी कोष ऐन २०४७ को दफा ४२(१) अनुसार योग्यता पुगेको ।

(ख) अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड, २०७३ को दफा ३ बमोजिम नियुक्तिका लागि योग्यता भएको र सोही मापदण्डको दफा ४ बमोजिम अयोग्य नरहेको ।

**३. दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः**

(क) शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहित खुलेको विस्तृत वैयक्तिक विवरण (Bio-Data)। उक्त विवरणको प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नुपर्नेछ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा कार्यानुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ग)उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यवसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

(घ)आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत अवस्थामा रहेको भए सम्बन्धित निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नुपर्नेछ।

(ङ) कार्यविधिको दफा (४) बमोजिमको स्वयं घोषणा।

## ४. दरखास्तसाथ पेश गर्नुपर्ने स्वयं घोषणामा स्पष्ट हुनुपर्ने विवरणहरुः

आवेदकले दरखास्तसाथ अनुसूची (१) बमोजिमको ढाँचामा निम्न लिखित व्यहोरा स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको।
(ख) नागरिक लगानी कोषसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोबारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कोषसँग निजी स्वार्थ नभएको।
(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको।
(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको।
(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको।
(च) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको।
(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको ।
(ज) विदेशी मुलुकको स्थायी वसोबासको अनुमति प्राप्त नगरेको।
(झ) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

## ५. कार्यकारी निर्देशक पदका लागि तोकिएको काम,कर्तव्य र अधिकारः

कार्यकारी निर्देशक पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार नागरिक लगानी कोष ऐन,२०४७ तथा नियामक निकायबाट जारी भएको निर्देशिका, कार्यविधि वा सूचना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

## ६. व्यवसायिक कार्ययोजना पेश गर्नु पर्नेः

(क) आवेदकले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रमुख कार्यकारी निर्देशकका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछः

(१) नागरिक लगानी कोषको संक्षिप्त जानकारी,

(२) कोषको विद्यमान अवस्थाको पहिचान र विश्लेषण

(३) कोषको सबल र दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण ( SWOT Analysis **)**

(४) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको परिचय र विश्लेषण **(** Analysis of Major Areas for Strategic Reform**)** ।

(५) कोषको कार्य सम्पादनमा जोखिम व्यवस्थापनका साथै सेवा विस्तार र क्षमता अभिवृद्धि, संस्थागत सुधार एवं सुशासन(Corporate Reform and Good governance)**,**मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, नेपाल सरकारद्वारा निर्दिष्ट नीति तथा कार्यक्रमहरूको प्रभावकारी सञ्चालन गर्न समय-सारिणी सहितको व्यावसायिक कार्ययोजना (Business Action Plan)**।**

**(**ख)व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामा A4 Size को कागजमा तयार पर्नु पर्नेछ। अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु (**Text**)१२ प्वाइण्ट नर्मलमा **Times New Roman Font** मा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु १२ प्वाइण्ट नर्मलमा **Kalimati** (युनीकोड) **Font** मा हुनु पर्नेछ ।

**(**ग)व्यावसायिक कार्ययोजनामा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ । साथै, अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन **"I"** देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

**(**घ) पहिलो चरणको परीक्षणबाट छनौट सूची (Short List) मा परेका उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि ४० (चालिस) मिनेट समय प्रदान गरिनेछ ।

### <u>७. आवेदकको मूल्याङ्कन सम्बन्धी अङ्क भार:</u>

आवेदकको मूल्याङ्कन दुई चरणमा हुनेछ । प्रथम चरणको मूल्याङ्कन शैक्षिक योग्यता, कार्य अनुभव र व्यवसायिक तथा वित्तीय कार्ययोजनाको परीक्षण गरी कुल ५० पूर्णाङ्कमा हुनेछ । दोस्रो चरणमा आवेदकको मूल्याङ्कन नेतृत्व क्षमता र कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता गरी कुल ५० पूर्णाङ्कमा गरिनेछ ।

आवेदकको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण तपसिलअनुसार कायम हुनेछ ।

| **प्रथम चरण कुल अंक ५०** | | |
|---|---|---|
| १) | शैक्षिक योग्यता | – १० अङ्क |
| २) | कार्य अनुभव | – १० अङ्क |
| ३) | व्यावसायिकतथा वित्तीय कार्ययोजना | –३० अङ्क |
| **दोस्रो चरण कुल अंक ५०** | | |
| ४) | नेतृत्व क्षमता | –१५अङ्क |
| ५) | कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | -३५ अङ्क |

**१. उम्मेदवारको शैक्षिक योग्यता** **-१०**

| क) शैक्षिक योग्यता | अङ्क बाँडफाड |
|---|---|
| स्नातकोत्तरः | |
| प्रथम श्रेणी | १० |
| द्वितीय श्रेणी | ८ |
| तृतीय श्रेणी | ६ |

**२. कार्य अनुभव** **-१०**

| | |
|---|---|
| १५ वर्ष | ५ |
| १६ वर्षभन्दा माथि २०वर्षसम्म | ७.५ |
| २० वर्षभन्दा माथि | १० |

**३. व्यावसायिक तथा वित्तीय कार्ययोजनाको गूणस्तर** **-३०**

क) संस्थाको यथार्थ जानकारी - ५

ख) विश्लेषण तथा तार्किकता - ५

ग) सिर्जनशिलता - ५

घ) समस्याको पहिचान र सुधारको लागि सुझाव - ५

ङ) प्राथमिकता र कार्यान्वयन पक्ष - ५

च) कार्य योजनाको ढाँचा र लेखन शैंली - ५

**४. नेतृत्व क्षमता** **-१५**

| | |
|---|---|
| व्यक्तित्व | ५ |
| नेतृत्व सीप क्षमता | ५ |
| चातुर्यता | ५ |

**५. अन्तरवार्ता र प्रस्तुतीकरणको मूल्याङ्कनको आधार** **- ३५**

| | | |
|---|---|---|
| क) | विषयवस्तुको स्पष्ट ज्ञान र प्रस्तुतीकरण | -१० |
| ख) | स्पष्ट धारणा र आत्मविश्वास | -१० |
| ग) | क्रिया प्रतिक्रियामा दक्षता र विषय-वस्तुको सान्दर्भिकता - | १० |
| घ) | समय व्यवस्थापन | -५ |

**८. <u>उम्मेदवार छनौटका आधार एवं प्रक्रिया:</u>**

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ७ मा उल्लेख भए अनुसार हुनेछ । यसका लागि निम्नबमोजिमको प्रक्रिया अपनाइनेछः

(१) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यावसायिक तथा वित्तीय कार्ययोजना परीक्षण गरी कुल ५० अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने पाँच जना आवेदकहरुलाई दोस्रो चरणको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये दोस्रो चरणमा नेतृत्व क्षमता, व्यावसायिक तथा वित्तीय कार्ययोजनाको प्रस्तुतीकरणको मुल्यांकन र अन्तरवार्ता समेत गरी कुल ५० अङ्कमा उच्चतम अङ्क प्राप्त गर्ने तीन जना आवेदकहरुलाई कार्यकारी निर्देशक नियुक्तिका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ ।

(३) तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुनः दरखास्त आव्हान गरिनेछ ।

(४) पुनः दरखास्त आव्हान गर्दा थप उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

(५) नेतृत्व क्षमता र प्रस्तुतीकरण सम्बन्धी मूल्याङ्कन एउटै बसाईमा अलग अलग मूल्याङ्कन फारम प्रयोग गरी गर्न सकिनेछ ।

**९. <u>व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था:</u>**

क) व्यावसायिक कार्ययोजनाको परीक्षण छनौट तथा सिफारिस समितिले गर्नेछ। समितिले आवश्यकतानुसार विज्ञहरूको सहयोग लिन सक्नेछ।

ख) उपदफा (१) बमोजिम प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ ।

**१०. <u>दरखास्त दस्तुर सम्बन्धी व्यवस्था:</u>** दरखास्त दस्तुर वापत रु ५,०००।(पाँच हजार) मात्र तोकिएको बैंकमा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

**११.** छनौट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१२.** नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले यस छनौट तथा सिफारिस समितिको सचिवालयको रुपमा काम गर्नेछ।

**नागरिक लगानी कोषको कार्यकारी निर्देशकको पदमा आवेदन दिएको व्यक्तिले गरेको घोषणा पत्र**

..................जिल्ला ..............................गाउँपालिका/ नगरपालिका वडा नं............बस्ने ..........................................को नाति ..........................................को छोरो वर्ष ........................ को म ..........................................ले नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि,२०८० को दफा ४ बमोजिम देहायको घोषणा गर्दछु।

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(ख) नागरिक लगानी कोषसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोबारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कोषसँग निजी स्वार्थ नभएको।

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको।

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको।

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको।

(च) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नपरेको।

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको ।

(ज) विदेशी मुलुकको स्थायी वसोबासको अनुमति प्राप्त नगरेको।

(झ) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

माथि गरेको घोषणा ठीक साँचो छ। फरक परेमा कानून बमोजिम सहुँला बुझाँउला।

नाम:

दस्तखत:

मिति: